# सिद्धिचरण नगरपालिका, ओखलढुङ्गा

## कोशी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्ड ५) | सङ्ख्या : ९ | प्रकाशन मिति : २०८०/०८/२८ |


## भाग-२

सिद्धिचरण नगर कार्यपालिकाले मिति २०८०/०८/२५ गते स्वीकृत गरेको तल लेखिए बमोजिमको निर्देशिका सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### सिद्धिचरण नगरपालिकाको जलवायुमैत्री एकीकृत जलाधार व्यवस्थापन कार्य सञ्चालन निर्देशिका, २०८०

**प्रस्तावनाः** जलवायु परिवर्तनको प्रभावबाट स्थानीय समुदाय, जैविक विविधता एवं समग्र पारिस्थितिकीय प्रणाली प्रभावित भएको परिपेक्षमा एकीकृत जलाधार व्यवस्थापनको माध्यमबाट जलाधार क्षेत्रको उत्पादकत्व तथा उत्पादनमा वृद्धि, जलवायु परिवर्तन उत्थानशीलता विकास एवं सामाजिक-आर्थिक एवं समृद्धिमा योगदान पुग्ने देखिएकोले,

नेपालको संविधान बमोजिम संघ, प्रदेश र स्थानीय तह बीचको सहकारीता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्दै जलवायु परिवर्तन अनुकुलन,



CamScanner

लैङ्गिक तथा समाजिक समावेशीकरण तथा सुशासन सुदृढ गरी गुणस्तरीय सेवा प्रवाह गर्न साथै एकीकृत जलाधार व्यवस्थापन सम्बन्धी कृयाकलापहरुको योजना तर्जूमा, कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कनको लागि उपयुक्त समन्वय संयन्त्र सहितको व्यवस्था गर्न बाञ्छनिय रहेकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा (७) तथा दफा १०२ को उपदफा (२) बमोजिम सिद्धिचरण नगरपालिकाको नगर कार्यपिलकाले यो निर्देशिका वनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:**

(१) यस निर्देशिकाको नाम "सिद्धिचरण नगरपालिकाको जलवायुमैत्री एकीकृत जलाधार व्यवस्थापन कार्य सञ्चालन निर्देशिका, २०८०" रहेको छ ।

(२) यो निर्देशिका सिद्धिचरण नगरपालिकाको राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **नगरपालिकाको पृष्ठभूमि तथा निर्देशिकाको औचित्य:**

(१) पूर्वमा चिशंखुगढी गा.पा., पश्चिममा मोलुङ्ग गा.पा., उत्तरमा खिजीदेम्वा गा.पा. र सोलुखुम्बु जिल्ला र दक्षिणमा मानेभञ्ज्याङ्ग गा.पा. को चारकिल्लाभित्र २७° ६' देखि २७° ३२° उत्तरी अक्षांश देखि ८६° १०' देखि ८६° ३२' पूर्वी देशान्तरमा अवस्थित यस सिद्धिचरण नगरपालिका युगकबि सिद्धिचरण श्रेष्ठको नामबाट रहन गएको हो । चार सय मिटर देखि ३००० मिटर सम्म फैलिएको यस नगरपालिकामा उष्ण, शमशितोष्ण र शीतोष्ण हावापानी पाईन्छ । नगरपालिकामा कृषि क्षेत्र १३७०२ हे. र ७४ वटा सामुदायिक वन र ४ वटा कबुलियति

वन गरी जम्मा वन तथा चरन क्षेत्र ३२२८.८३ हे. रहेको छ । दक्षिण ढलानमा सल्लाको वन छ भने उत्तरी ढलानमा उत्तिस, चिलाउने, कटुश, बाँझ जस्ता प्रजातिको मिश्रित वन रहेको पाईन्छ ।

कूल ७१२६ घरधुरी रहेको यस नगरपालिकाको जनसंख्या २७,३५१ रहेको छ जसमध्ये पुरुषको संख्या १३,०९७ रहेको छ भने महिलाको १४,२५४ रहेको छ । क्षेत्री, बाह्मण, मगर, शेर्पा, राई, तामाङ्ग, नेवार, कामी, गुरुङ्ग जातिको बसोबास रहेको यस नगरपालिकामा हिन्दु, बौद्ध र किराँत धर्मावलम्बीहरुको बाहुल्यता छ । मातृभाषाको रुपमा बोलिने प्रमुख भाषाहरुमा नेपाली, मगर, शेर्पा, तामाङ्ग, राई भाषा मुख्य छन् ।

दुधकोशी जलाधार क्षेत्रमा पर्ने यस नरपालिकाका प्रमुख खोला तथा सुष्म जलाधार क्षेत्रहरुमा मोलुङ्ग खोला, ठोट्ने खोला, सिस्ने खोला, लिपेखोला, निगाले खोला, माने खोला, अँधेरी खोला, चन्दने खोला, ठूलोखोला, चन्दने खोला, टाँडे खोला, ढाँडखोला, डुङ्गेनी खोला, रिठ्ठे खोला, ओख्ले खोला, कर्मेखोला, छाँगे खोला, भुलभुले खोला आदि पर्दछन् ।

नगरपालिकामा सिचाई योग्य खेत २१२४ हेक्टर र बारी ९५७८ हेक्टर रहेको छ । रुम्जाटार र विगुटार नगरपालिकामा खेतिपाती हुने मुख्य टारहरु हुन । मकै, कोदो, धान, गहुँ र आलु प्रमुख खाद्यान्न बालीहरु हुन । तरकारी बालीहरुमा गोलभेडा, काउली, वन्दा, मुला, गाजर, रायो हुने गरेको छ । खेतीपाती परम्परागत निर्वाहमुखी हुनु, सिंचाईको अभाव, युवाहरु कृषि पेशादेखि विमुख हुनु, उन्नत विउविजन को अभाव समस्याको रुपमा रहेको छ ।

जलाधार क्षेत्रमा उर्वरा माटोको क्षयिकरणले गर्दा यस नगरपालिकाको अधिकाँश भागमा रातो, वलौटे दोमट, कालो र कमेरो माटो पाईन्छ । यस क्षेत्रमा डोलोमाईट र चुनढुङ्गा मिसिएको सिष्ट, चुनढुङ्गा, निस सिस्ट, क्वार्जाईट र फाईलाईट जस्ता चट्टानहरु पाईन्छन् । भिरालो जनिम तथा सुख्खा क्षेत्र भएको हुँदा वन क्षेत्रको उत्पादकत्व न्यून रहेको छ । ग्रामिण सडक लगतयका पूर्वाधार निर्माणबाट हुने वन क्षेत्रको क्षति, चोरी शिकार, वन डढेलो वन क्षेत्रका प्रमुख समस्याहरु हुन ।

सिंचाई तथा खानेपानीको उपलब्धतामा कमी, भूक्षय, पहिरो र खडेरी यस क्षेत्रका प्रमुख समस्या हुन । यस नगरपालिकामा भूकम्प, चट्याङ्ग तथा हुरी, आगलागी, बाढी, पहिरो, भारी बर्षा, हावा हुरी विपद्का प्रमुख घटनाहरु हुने गरेका छन् । विपद् प्रतकार्यका लागि स्थानीय विपद् जोखिम व्यवस्थापन समिति, समुदायमा आधारित विपद जोखिम व्यवस्थापन समिति, र समुदायमा आधारित द्रुत प्रतिकार्य समूह जस्ता संरचनाहरु निर्माण भएको छ।

(२) जलाधार व्यवस्थापन जलस्रोत, खनिज तथा खानी, कृषि, वन, भौतिक पूर्वाधार क्षेत्रको एकीकृत रुपमा व्यवस्थापन भएको हुँदा माथि उपदफा १ मा औल्याईएका समस्या तथा चुनौतिहरुलाई संवोधन गर्ने गरी योजना तथा कार्यक्रम तर्जूमा, सञ्चालन एवं अनुगमन गर्न स्थानीय रुपमा कानून तर्जूमा गर्न आवश्यक देखिएकोले निर्देशिका तयार गरी लागु गरिएको छ ।

३. <u>परिभाषाः</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "नगरपालिका" भन्नाले सिद्धिचरण नगरपालिका सम्झनु पर्दछ ।

(ख) "वातावरण" भन्नाले प्राकृतिक, साँस्कृतिक र सामाजिक प्रणाली,



CamScanner

आर्थिक तथा मानवीय क्रियाकलाप, यिनका अवयवहरु तथा ती अवयवहरुको बीचको अन्तरक्रिया तथा अन्तरसम्बन्ध सम्झनु पर्दछ ।

(ग) "जलवायु परिवर्तन" भन्नाले लामो समयको अन्तरालमा प्राकृतिक रुपमा हुने जलवायुको उतारचढावका अलावा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा मानवीय क्रियकलापले वायुमण्डलको वनौटमा हुने फेरबदलका कारण पृथ्वीको जलवायुमा क्रमश देखा पर्ने परिवर्तन सम्झनु पर्दछ ।

(घ) "भू तथा जलाधार संरक्षण" भन्नाले बाढी, पहिरो, भू-क्षय जस्ता प्राकृतिक प्रकोपबाट कुनै क्षेत्रलाई नष्ट हुनबाट रोक्न वा बचाउने तथा पानीको आयतन र बहावलाई सामान्य स्थितिमा राख्ने वा पानीको वहाबलाई धमिलो हुन नदिई स्वच्छता बनाई रख्ने कार्य सम्झनु पर्दछ ।

(ङ) "जलाधार क्षेत्र" भन्नाले पानी बहावको ढलो जहाँ पानी बग्दै एक निश्चित नदी, खोलामा मिसिई साझा विन्दुबाट बाहिर हुन्छ, त्यस्तो क्षेत्रलाई जनाउँछ ।

(च) "एकीकृत जलाधार व्यवस्थापन" भन्नाले जल, जंगल, जमीन, तथा अन्य प्राकृतिक स्रोतहरुको सन्तुलित र दिगो व्यवस्थापन गर्दै पर्यावरणीय सन्तुलन समेतलाई जनाउँदछ ।

(छ) "न्यूनीकरण" भन्नाले कुनै पनि प्रविधि वा उपायको प्रयोग गरी फोहर मैलाको परिमाण, आकार वा प्रभावमा कम गर्ने कार्य सम्झनु पर्दछ ।

(ज) "जैविक विविधता" भन्नाले पारिस्थितिकीय प्रणालीको विविधता, प्रजातीय विविधता तथा बंशाणुगत विविधता सम्झनु पर्दछ ।

(झ) "अनुकूलन" भन्नाले जलवायु परिवर्तनको सम्भाव्य असर र जोखिमको आंकलन गरी थप हानी नोक्सानी रोकथाम वा



CamScanner

न्यूनीकरण गर्ने कार्य सम्झनु पर्दछ ।

(ञ) "उत्सर्जन" भन्नाले कुनै निश्चित क्षेत्रबाट निश्चित समय अवधिमा वातावरणमा हरितगृह ग्याँस वा अन्य कुनै ग्याँस, धुँवा, वा धुलो निष्काशन हुने कार्य सम्झनु पर्दछ ।

## परिच्छेद-२

## जलाधार व्यवस्थापनको जिम्मेवारी, अनुमति र संघ तथा प्रदेशद्वारा सञ्चालन हुने योजनाको कार्यान्वयन

४. नगरपालिकाको जिम्मेवारिभित्रको संरक्षण तथा व्यवस्थापन गर्नेः (१) जलाधार क्षेत्रको संरक्षण तथा व्यवस्थापन र जलाधार क्षेत्रसंग अन्तरसम्बन्धित जैविक विविधता संरक्षण, जलवायु परिवर्तन न्यूनीकरण तथा उत्थानशीलता विकास, विपद् जोखिम न्यूनीकरण स्थानीय तहको अधिकारसंग सम्बन्धित अनुसूची-१ बोजिमका विषयमा नगरपालिकाले दीर्घकालीन, मध्यकालीन योजना वनाई एकीकृत रुपमा संरक्षण, व्यवस्थापन तथा सदुपयोग गर्नेछ ।

५. प्राविधिक ज्ञान, सेवा र आर्थिक सहयोग प्रदान गरिनेः

(१) नगरपालिका क्षेत्रभित्रको निजी स्वामित्वको जग्गामा जग्गाधनी वा भोगचलन गर्ने व्यक्ति वा संस्थाले बाढी, पहिरो, भूक्षय, जस्ता प्राकृतिक प्रकोप रोकथाम वा नियन्त्रण गर्ने, गल्छी नियन्त्रण, गह्रा सुधार, कुलो सहायक कूलो, ढल, टेवा दिने प्रखाल, पोखरी जस्ता जलाधार व्यवस्थापनसंग सम्बन्धित संरचना निर्माण गर्दा आवश्यक पर्ने ज्ञान, सेवा, र आर्थिक सहयोग चाहेमा अनुसूची-२ बमोजिमको निवेदन पेश गर्नु पर्नेछ ।

(२) यसरी नगरपालिका समक्ष निवेदन पेश भएमा नगरपालिकाले आफ्नो बजेट तथा कार्यक्रमबाट आवश्यक आर्थिक तथा प्राविधिक सहयोग गर्नेछ । नगरपालिकामा स्रोत उपलब्ध

नभएमा जलाधार संरक्षणको क्षेत्रमा काम गर्ने प्रदेश तथा संघीय कार्यालय एवं विकास साझेदारलाईसंग समन्वय गरी स्रोत साधन जुटाउन सहजीकरण गर्नेछ ।

६. <u>योजना कार्यान्वयन गर्दा सहमति लिनुपर्ने:</u>

(१) उपभोक्ता समिति, गैर सरकारी संस्था, सहकारी क्षेत्र, निजी क्षेत्रले नगरपालिकाभित्र स्थानीय तहको अधिकारसंग सम्बन्धित विषयमा योजना तथा कार्यक्रमहरु सञ्चालन गर्दा नगरपालिकालाई जानकारी गराई सहमति लिई एकीकृत एवं समन्वायत्मक ढंगले सञ्चालन गर्नु पर्नेछ ।

(२) सहमति लिंदा अनुसूची-३ बमोजिमको निवेदनसाथ विस्तृत आयोजना प्रतिवेदन तथा कार्यक्रम, स्रोत साधनको उपलब्धता, कार्यान्वयन गर्ने संस्था समेतको विवरण संलग्न राखि पेश गर्नु पर्नेछ ।

(३) नगरपालिकाले पेश भएका कागजातहरुको अध्ययन एवं आवश्यकता अनुसार सम्बन्धित वडा कार्यालयहरुसंग राय परामर्श लिई कार्यक्रम सञ्चालन सहमति प्रदान गर्नेछ ।

७. <u>संघीय तथा प्रदेश स्तरको योजनाको कार्यान्वयन:</u>

(१) माथि दफा ६ मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकार तथा प्रदेश सरकारको अनुदानबाट सञ्चालन हुने योजनाको हकमा योजना तयारी तथा कार्यान्वयन गर्ने प्रकृया पहिलेनै निर्धारण गरेको भएमा नगरपालिकाले सोही प्रकृया बमोजिम आयोजना कार्यान्वयनमा समन्वय, सहजीकरण तथा सहयोग गर्नेछ ।

(२) उपदफा १ बमोजिमको समन्वय, सहजीकरणको लागि नगरपालिकाले योजना कार्यान्वयन विधि, समयतालिका, बजेट

लागयतको विषयमा जानकारी प्राप्त गर्न संघ तथा प्रदेश सम्बद्ध सम्बन्धित निकायलाई अनुरोध गर्नेछ ।

## परिच्छेद-३

## एकीकृत जलाधार व्यवस्थापन योजना तर्जुमा तथा कार्यान्वयन

८. तथ्याङ्कहरुको व्यवस्थापन तथा विश्लेषणः

(१) एकीकृत जलाधार व्यवस्थापनसंग सम्बन्धित निजी घर परिवारको लागत, ऐतिहाँसिक, पुरातात्विक, साँस्कृतिक तथा धार्मिक महत्वका सम्पदा, सार्वजनिक तथा सामुदायिक संरचना, सार्वजनिक, ऐलानी, पर्ती जग्गाको लागत, खुला क्षेत्र, घाट, चोक, पाटी पौवा, धार्मिक तथा साँस्कृतिक स्थल, डाँडापाखा, चरन क्षेत्र, पानीको मूल, पोखरी, तलाउ, कुवा, धारो, ढुङ्गेधारा, बाटो, सडक, पुल पुलेसा, कुलो, नहर, पानी घट्ट, मिलको तथ्याङ्क वडा कार्यालयले अद्यावधिक गरी राख्नु पर्नेछ ।

(२) नगरपालिका क्षेत्रभित्र एकीकृत जलाधार व्यवस्थापन योजना तथा कार्यक्रमहरु तर्जूमा गर्दा सिद्धिचरण नगरपालिकाको भू-धरातलीय स्वरुप एवं भौगोलिक विविधता, विकास पूर्वाधारहरुको उपलब्धता, जलवायु परिवर्तन, पहिरो तथा भू-स्खलन जस्ता प्राकृतिक प्रकोपहरु, उपलब्ध पारिस्थकीय एवं वातावरणीय सेवा, जलाधार क्षेत्रको सामाजिक-आर्थिक एवं साँस्कृतिक अवस्था, जिविकोपार्जन तथा आयआर्जनका अवसरहरु आदिको वस्तुगत रुपमा विश्लेषण गरी तथ्यमा आधारित योजना तर्जूमा गरिनेछ ।

९. एकीकृत जलाधार व्यवस्थापन योजना तर्जूमाः

(१) प्राकृतिक तथा मानवजन्य कृयाकलापहरुबाट उत्पन्न वहु प्रकोप तथा विपद्हरु, पारिस्थितिकीय प्रणालीबाट उपलब्ध हुन सक्ने सेवा, जलाधार क्षेत्रको भू-धरातलीय अवस्था, उत्पादकत्व र



CamScanner

स्थानीय जनताको आवश्कताको आधारमा नगरपालिका भित्रको जलाधार, उप जलाधार तथा शुक्ष्म जलाधारहरु पहिचान गरी अनुसूची-४ बमोजिमको एकीकृत जलाधार व्यवस्थापन दीर्घकालीन तथा मध्यकालीन योजना वनाई सोको आधारमा बार्षिक योजना तर्जूमा गरी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

(२) योजना तर्जूमा गर्दा प्रथामिकता प्राप्त जलाधारमा उपल्लो तटीय क्षेत्रको संरक्षणलाई विशेष प्रथामिकता दिई तल्लो तटीय र उपल्लो तटीय क्षेत्रको अन्तरसम्बन्ध पहिचान गरी त्यस्तो अन्तरसम्बन्धबाट स्थानीय समुदाय एवं समग्र पारिस्थितिकीय प्रणाली लाभान्वित हुने गरी कार्यक्रमहरु छनौट गरिनेछ ।

(३) एकीकृत जलाधार व्यवस्थापन योजनामा अनुसूची-५ मा उल्लिखित आधारहरुमा जलाधार, उप-जलाधार र शुक्ष्म जलाधार पहिचान तथा प्रथामिकीकरण गरी देहाय बमोजिमका जनसहभागितमूलक कार्यक्रमहरु समावेश गरिनेछ ।

(क) बर्षातमा परेको पानी सङ्कलन गर्न प्रविधिको विस्तार, पानी भण्डारणको लागि पोखरी, रिजर्भ ट्याङ्की निर्माण, संरक्षण पोखरी निर्माण जस्ता कार्यक्रम सञ्चालन;

(ख) पहिरो, भू-स्खलन, सुख्खा, आगलागी तथा बाढी जस्ता प्रकोपहरुबाट क्षतिग्रस्त भूमिको पहिचान गरी न्यूनीकरण, रोकथाम तथा उत्थानशीलता विकास;

(ग) पानीको स्रोत सुक्दै जाने क्रमलाई व्यवस्थापन गर्न पानीको मुहान संरक्षण, संरक्षित जलाधार क्षेत्रको रुपमा व्यवस्थापन, जल भरण, वनको संरचना परिवर्तन जस्ता कृयाकलापहरु सञ्चालन;

(घ) ग्रामीण सडक तथा अन्य विकासका पूर्वाधारहरु निर्माण गर्दा

हुन सक्ने सम्भावित नकारात्मक असरलाई न्यूनीकरण गर्न संरक्षणमुखी कार्यक्रम, वायो ईन्जिनियरिङ्ग प्रविधिलाई एकीकृत रुपमा सञ्चालन;

(ङ) भिरालो तथा हैसियत कम भएको वन क्षेत्र र नदी उकास जमिनमा गह्वा सुधार तथा उपयुक्त खेती प्रणालीको विकास,

(च) स्थानीय तहको नेतृत्वमा समुदाय परिचालन गरी समुदायमा आधारित पहिरो, खडेरी, आगलागी जस्ता विपद् वस्थापन;

(छ) सार्वजनिक तथा खाली जग्गामा डालेघाँस, फलफुल, बहुबर्षिय नगदेवालीको विकास एवं विस्तार गरी हरियाली प्रवर्द्धन तथा जमिनको पानी वहन क्षमता अभिवृद्धि कार्यक्रम;

(ज) दुर्लभ तथा सङ्कटापन्न वन्यजन्तु तथा वनस्पति, पानीको स्रोत जस्ता विशेष पारिस्थितिकीय प्रणालिको पहिचान तथा संरक्षण संरक्षित जलाधारको रुपमा व्यवस्थापन;

(४) एकीकृत जलाधार व्यवस्थापनसंग सम्बन्धीत दीर्धकालीन तथा बार्षिक योजना तर्जूमा गर्दा स्थानीय वडा तथा सम्बद्ध सरोकारवालाहरुसंग छलफल तथा अन्तरक्रिया गर्नु पर्नेछ ।

(५) एकीकृत जलाधार व्यवस्थापन योजना तर्जूमा गर्दा स्थानीय वुद्धिजिवी, विषय विज्ञ, अनुभवि, जलाधार विज्ञ, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, युवा, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक लगायतका सरोकारवालाहरुको अधिकतम सहभागति गराईनेछ ।

(६) जलाधार व्यवस्थापन योजनामा स्रोतको पूर्वानुमान, आयोजनाको प्रथामिकीकरण, योजना कार्यान्वयन तालिका र अनुगमन तथा मुल्याङ्कनको व्यवस्था समेत राखिनेछ ।



CamScanner

१०. स्रोत साधनको व्यवस्था तथा योजना कार्यान्वयन:

(१) एकीकृत जलाधार व्यवस्थापन कार्ययोजना कार्यान्वयनको लागि नगरपालिकाले योजनाका कर्यान्वयन गर्दा प्रस्तावित कार्यक्रमहरुलाई नगरपालिकाको विषयगत योजना, बार्षिक योजना, खर्च संरचना तयार गरी कार्यान्वयन गर्नेछ ।

(२) एकीकृत जलाधार व्यवस्थापन योजना तर्जूमा तथा कार्यान्वयनको लागि नगरपालिकाले वित्तिय समानीकरण अनुदान, सःशर्त अनुदान, समपुरक अनुदान, विशेष अनुदान मार्फत संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने स्रोत साधन र आन्तरिक स्रोत परिचालन गर्नेछ ।

(३) नगरपालिकाले एकीकृत जलाधार योजना कार्यान्वयनका लागि प्रदेश तथा संघीय सरकार, विकास साझेदार, सहकारी, नागरिक समाज, निजी क्षेत्र, दातृ निकाय, सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था, कार्वन व्यापार तथा वातावरणीय सेबाबाट प्राप्त हुने आर्थिक तथा प्राविधिक स्रोत साधन प्राप्त गर्न आवश्यक सहजीकरण तथा समन्वय गरिनेछ ।

(४) एकीकृत जलाधार व्यवस्थापनका कार्यक्रमहरु सञ्चालन गर्दा जनसहभागीता जुटाई सञ्चालन गरिनेछ ।

(५) नगरपालिकाले जलाधार व्यवस्थापन योजनाको कार्यान्वयन गर्दा आफ्नो क्षेत्रभित्रका उपभोक्ता, निजी क्षेत्र, सामुदायिक संघ संस्था, सहकारी संस्था तथा गैरसरकारी क्षेत्रको परिचालन र समन्वय प्रवर्द्धनलाई प्रोत्सहान गर्न सक्नेछ ।

(६) एकीकृत जलाधार व्यवस्थापन सम्बन्धी योजना तर्जूमा, कार्यक्रम कार्यान्वयन, अनुगमनको लागि समन्वय गर्न नगरपालिकाले जलवायु तथा जलाधार व्यवस्थापन ईकाई गठन गरी फोकल पोईन्ट तोक्नेछ ।

११. <u>जलवायु परिवर्तन उत्थानशीलता विकास सम्बन्धी कार्यक्रम सञ्चालन:</u>

(१) जलवायु परिवर्तनबाट पर्ने असरहरुको अनुकूलन तथा उत्थानशीलता विकासका लागि जलवायु परिवर्तन अनुकुलन कार्यक्रमहरुलाई एकीकृत जलाधार व्यवस्थापन योजनामा आन्तरिकीकरण गरिनेछ ।

(२) एकीकृत जलाधार व्यवस्थापन योजनामा समावेश भएका जलवायु परिवर्तन अनुकूलन तथा उत्थानशीलता विकास सम्बन्धी कार्यक्रमहरुलाई नगरपालिकाको बार्षिक योजना, बजेट, खर्च संरचना र अनुगमन तथा मुल्याङ्कन योजनामा मूलप्रवाहीकरण गरी कार्यान्वयन गरिनेछ ।

(३) जलवायु परिवर्तनका कारणले पर्न सक्ने सम्भावित जोखिम आंकलन गरी जलाधार स्तरमा योजना तथा कार्यक्रम तर्जुमा गर्दा देहाय बमोजिमका अनुकूलन, समानुकूलन, विपद् जोखिम न्युनीकरण तथा उत्थानशीलता विकासका कार्यक्रमहरु एकीकृत रुपमा सञ्चालन गरिनेछ ।

(क) पानीको स्रोतको संरक्षण, बहुआयामिक प्रयोग, जल भरण, जल भण्डारणको लागि प्रविधिको विकास;

(ख) जलवायू परिवर्तनबाट सिर्जित विपद् व्यवस्थापनमा सहकार्य तथा समन्वय;

(ग) जलवायु परिवर्तन अनुकुलन तथा उत्थानशीलता विकासको लागि परम्परागत ज्ञान, सिप, तथा दक्षताको प्रवर्द्धन;

(घ) न्यून कार्वन उत्सर्जन सम्बन्धि प्रविधिको विकास तथा विस्तार;

(ङ) जलवायुमैत्री वातावरणीय अध्ययन गरी स्थानीयस्तरका विकास निर्माणका परियोजनालाई जलवायु उत्थानशील

बनाउन समन्वय तथा संयन्त्रको विकास;

(च) जलवायु परिवर्तन सम्बन्धी विद्यालय शिक्षा कार्यक्रम सञ्चालन;

(४) जलवायु परिवर्तन अनुकूलन तथा उत्थानशीलता विकासका कर्यक्रमहरु सञ्चालन गर्दा संघीय तथा प्रदेश सरकार, नागरिक समाज, निजी क्षेत्रसंग समन्वय गरीनेछ ।

१२. <u>वातावरणीय सेवा प्रवर्द्धन:</u>

(१) एकीकृत जलाधार व्यवस्थापन योजनामा नगरपालिकामा उपलब्ध अनुसूची-६ बमोजिमका वातावरणीय सेवाहरुको पहिचान तथा अभिलेखीकरण गरीनेछ ।

(२) प्रचलित कानून बमोजिम जलस्रोत उपयोगको प्रथामिकता निर्धारण गरी पानी मुहान, आहाल, पोखरीहरुको अभिलेखीकरण, दर्ता गरी परम्परागत उपयोग समेतको आधारमा पानीको प्रयोग एवं वितरण गरिनेछ ।

(३) जलाधार स्तरमा उपल्लो तटीय तथा तल्लो तटीय अन्तरसम्बन्धलाई पहिचान गरी सरोकारवालहरुसंगको समन्वयमा वातावरणीय भुक्तानी संयन्त्रको विकास गरी कार्यान्वयनमा ल्याईनेछ ।

१३. <u>जलवायु उत्थानशील दिगो जिविकोपार्जन:</u>

(१) संरक्षण खेती, नीजि तथा कबुलयति वन, पशुपालन, प्राकृतिक स्रोत साधनमा आधारित उद्यमशिलता विकास जस्ता कार्यक्रमहरुलाई एकीकृत जलाधार व्यवस्थापन योजना तथा नगरपालिकाका अन्य दीर्घकालीन, बार्षिक तथा आवधिक योजनाहरुमा आन्तरिकीकरण गरीनेछ ।

(२) जलवायु उत्थानशील जिविकोपार्जनका असल अभ्यास तथा

सिकाईहरुलाई नगर कार्यपालिका तथा विकास साझेदारद्वारा सञ्चालन हुने कार्यक्रमहरुमा मूलप्रवाहीकरण गरिनेछ ।

(३) जलवायु उत्थानशील दिगो जिविकोपार्जनका देहाय बमोजिमका कार्यक्रमहरुलाई प्रथमिकताको आधारमा योजना तथा कार्यक्रमहरुमा समावेश गरिनेछ ।

(क) पानीको स्रोत संरक्षण, जल भरण, भण्डारणलाई कृषि प्रणालीसंग आवद्ध गरी पानीको वहुआयामिक प्रयोग गर्दै कृषि क्षेत्रको उत्पादकत्व अभिवृद्धि;

(ख) स्थानीय कृषक समुह स्तरमा कृषि सुचना प्रणाली स्थापना गरी मौसम तथा कृषि सम्बन्धी सूचना प्रवाह;

(ग) उपलब्ध ज्ञान तथा प्रविधिको प्रयोग गरी कृषि, वन, पशुपालन जस्ता क्षेत्रलाई रोजगारमूलक वनाउन युवाहरुको क्षमता विकास एवं परिचालन;

(घ) जलवायु उत्थानशील खेतिपाति प्रविधिको विकास एवं विस्तारमा युवाहरुलाई अभिमुखीकरण तथा क्षमता विकास;

(ङ) गरिब, भूमिहिन र सङ्कटासन्न घरधुरीहरुको लागि जिवकोपार्जनका र आयआर्जनका उपायहरु पहिचान गरी कार्यान्वयन;

(च) कृषि तथा पशुपंक्षी विमा लागू गरी जोखिम न्यूनीकरण;

(छ) गह्रा सुधार तथा उपयुक्त खेती प्रणाली (साल्ट प्रविधि, एकीकृत कृषि वन प्रविधि

(ज) पानीको उपलब्धता र पहुँच वृद्धि गर्न थोपा सिंचाई, सौर्य सिंचाई, प्लाष्टिक पोखरी, कूलो, तलाउ निर्माण गर्ने र लोप भएका पोखरीहरुको पुनर्स्थापना;

(झ) संरचना निर्माण गर्दा उपयुक्त सामग्री तथा प्रविधिको प्रयोग

गरी जलवायु उत्थानशील वनाउने;

१४. <u>लैङ्गिक तथा समाजिक समावेशीकरण सम्बन्धी व्यवस्था:</u>

(१) एकीकृत जलाधार व्यवस्थापन योजना लगायतका योजना तर्जुमा प्रकृयामानै महिला, जनजाति, दलित लगायतका लक्षित वर्गको सहभागितालाई अनिवार्य गरिनेछ ।

(२) एकीकृत जलाधार व्यवस्थापन योजना, जलवायु परिवर्तन उत्थानशीलता विकासको योजना, जिविकोपार्जन, क्षमता विकासको लागि सञ्चालन हुने योजना, कार्यक्रम, खर्च संरचना र बजेट प्रणालीलाई महिला, बालबालिक, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता, जेष्ठनागरिक, दलित, लोपोन्मुख, सिमान्तकृत, आदिवासी जनजाति सहित समग्र लक्षित वर्गमैत्री तथा लैङ्गिक उत्तरदायि वनाईनेछ ।

(३) योजना तथा कार्यक्रमहरुमा लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता, सन्धी सम्झौताहरुलाई मूल प्रवाहीकरण गरिनेछ ।

(४) महिला, बालबालिक, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता, जेष्ठनागरिक, दलित, लोपोन्मुख, सिमान्तकृत, आदिवासी जनजाति लगायतका लक्षित वर्गको विवरण संङ्कलन गरी अद्यावधिक गरिनेछ । रोजगारी, जिविकोपार्जन, सीप तथा क्षमता विकाससँग जोडिएका कार्यक्रमहरुमा लक्षित वर्गको अर्थपूर्ण सहभागिता गराईनेछ ।

(५) एकीकृत जलाधार व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन, दिगो जिविकोपार्जन, स्वास्थ्य तथा खानेपानी, सरसफाई जस्ता सामाजिक विकासका योजना तथा कार्यक्रमहरुमा लैङ्गिक तथा सामाजिक समावेशीकरणसंग सम्बन्धि अनुसूची-७ बमोजिमका



CamScanner

सूचकहरुको नियमित अनुगमन र मूल्याङ्कन गरिनेछ।

१५. सीप तथा क्षमता विकास र प्रविधि हस्तान्तरण:

(१) जलाधार व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन तथा उत्थानशीलता विकास सम्बन्धी परम्परागत ज्ञान तथा सीपको अभिलेखीकरण गरी जलाधार व्यवस्थापन योजनाहरुमा अन्तरिकीकरण गरिनेछ ।

(२) नगरपालिका स्तरमा जलवायु तथ्याङ्क तथा ज्ञान केन्द्र स्थापना गरी कार्य अनुभव, अध्ययन, अनुसन्धान तथा व्यवहारिक शिकाई गर्ने र त्यस्ता सिकाईहरुलाई कार्यक्रम तर्जूमा तथा कर्यान्वयनमा प्रयोग आन्तरिकीकरण गरिनेछ ।

(३) एकीकृत जलाधार व्यवस्थापन, स्थानीय स्तरका जलवायु परिवर्तन सम्बन्धी कार्यहरू स्थानिय रुपमा वडा तहबाटै सञ्चालन तथा अनुगमन गर्ने व्यवस्था मिलाउन स्थानीय वडा तहको संस्थागत संरचना तथा निकायहरूको क्षमता अभिवृद्धि गरिनेछ ।

(४) सर्वसाधारण जनतालाई जलाधार व्यवस्थापन, जलवायु परिवर्तनका विविध पक्षमा सुसूचित गर्न तथा क्षमता अभिबृद्धिको लागि गैर सरकारी संघ संस्थाहरू एवम् नागरिक समाजसंगको समन्वयमा जनचेतना, तालिम तथा सशक्तीकरण कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

(५) जलवायु परिवर्तनका लागि उपलब्ध प्राविधिक तथा आर्थिक स्रोतमा पहूँच बढाउन औपचारिक, अनौपचारीक, दूर शिक्षा, खुला तथा स्थलगत शिकाईको माध्यमबाट स्थानीय युवाको क्षमता विकास गरी परिचालन गरिनेछ ।

(६) कृषि, वन, पशुपालन, सरसफाई, स्वास्थ्य लगायतको क्षेत्रमा सुख्खा तथा खडेरी प्रतिरोधात्मक एवं पानी किफायति आधुनिक

प्रविधिहरुको विकास तथा विस्तार गरिनेछ ।

१६. <u>सुशासन प्रवर्द्धन</u>

(१) एकिकृत जलाधार व्यवस्थापन योजना अन्तर्गत उपभोक्ता समिति तथा लाभान्वित समुदाय मार्फत सञ्चालन हुने कार्यक्रमहरुको परियोजनाको सुरु तथा अन्त्यमा नगरपालिका वा वडास्तरीय प्रतिनिधिको रोहबरमा सार्वजनिक सुनुवाईको आयोजना गरी अनुसूची-८ बमोजिमको कार्यक्रम तथा वित्तिय विवरण सार्वजनिक गरिनेछ । सार्वजनिक सुनुवाईबाट प्राप्त राय सुझावहरुलाई योजना कार्यान्वयन तथा अनुगमन प्रणालीमा मूलप्रवाहीकरण गरिनेछ ।

(२) ठेक्का प्रकृयाबाट सञ्चालन हुने कार्यक्रमको हकमा प्राविधिक तथा वित्तिय अनुगमनका क्रममा उपयुक्त खरिद प्रकृया अवलम्बन नगरेको र मितब्ययीतामा ह्रास आएको वा बजार भाउभन्दा अधिक मुख्यमा खरिद गरेको, तोकिएको समयमा कार्य सम्पन्न नहुने देखेमा भुक्तानी सच्याउन सुझाव पेश गरिनेछ ।

(३) भुक्तानी प्रकृयालाई विद्युतीय एवं बैङ्क मार्फत गर्ने व्यवस्था मिलाउने र कार्यसम्पन्नताको आधारमा भूक्तानी गरिनेछ ।

(४) आयोजना कार्यान्वयन स्थलमा आयोजनाको जानकारी सहितको सूचना पाटी राखिनेछ । नगरपालिकाको वेवसाईटमा आयोजना सम्वन्धी जानकारी राखिनेछ ।

१७. <u>एकीकृत जलाधार व्यवस्थापन तथा जलवायु परिवतर्तन सञ्चित कोष:</u>

(१) नगरपालिका अन्तर्गत जलाधार तथा जलवायु परिवर्तन उत्थानशीलता विकास सञ्चित कोषको स्थापना गरिनेछ ।

(२) कोषमा नगरपालिकाको आन्तरिक स्रोत, संघ तथा प्रदेश सरकार अन्तर्गतका निकायबाट प्राप्त हुने अनुदान, वन पैदावार, खानी

तथा अन्य प्राकृतिक स्रोतको उपयोगबाट प्राप्त रोयल्टी, विकास साझेदार तथा दातृ निकायबाट प्राप्त रकम जम्मा गरिनेछ ।

(३) सञ्चित कोषको रकमलाई संरचनाहरुको मर्मत संभार, लक्षित वर्गको जिविकोपार्जन, जलवायु परिवर्तन उत्थानशीलता विकास कार्यमा खर्च गरिनेछ ।

(४) कोषको सञ्चालनको लागि प्रचलित कानून बमोजिम कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि वनाई सोही कार्यविधि बमोजिम सञ्चालन गरिनेछ ।

## परिच्छेद-४

## समन्वय तथा सहकार्य

१८. सहभागितामूलक योजना तर्जुमा गरिने:

(१) जलवायु परिवर्तन तथा जलाधार व्यवस्थापन वहु आयामिक र वहुक्षेत्रगत विषय भएको हुँदा नगरपालिकाले जलाधार व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन योजना तर्जूमा गर्दा नगरपालिका क्षेत्र अन्तर्गत कार्य सञ्चालन गरी रहेका तीनवटै तहका सरकारी निकायहरु, गैर सरकारी निकाय, विकास साझेदार संस्था र समुदायमा आधारित संगठित संस्थाका अधिकारी/प्रतिनिधिहरुलाई सहभागि गराई समन्वायत्मक रुपले एकीकृत र नतिजामूलक योजना तर्जूमाको व्यवस्था मिलाईनेछ ।

(२) योजना कार्यान्वयनमा बहु क्षेत्रगत निकायहरुको सहकार्य र समन्वय रहने भएको संघ प्रदेश र स्थानीय स्तरका कार्यक्रमहरुलाई एकीकृत र समन्वायत्मक तवरले कार्यान्वयन गरिनेछ ।

१९. एकीकृत जलाधार व्यवस्थापन समन्वय सयन्त्र:

(१) जलाधार क्षेत्रको दिगो व्यवस्थापनका लागि योजना छनौट,

यसको कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कन मर्मत सम्भार जस्ता कार्यहरुको सहजीकरण र समन्वयका लागि देहाय अनुसारको एकीकृत जलाधार व्यवस्थापन समन्वय संयन्त्र गठन गरिनेछ ।

१. नगरपालिका, प्रमुख -संयोजक

२. नगरपालिका उप-प्रमुख -सह-संयोजक

३. जिल्ला समन्वय समितिको महिला प्रतिनिधि -सदस्य

४. प्रमुख प्रशासकीय अधिकृत, नगरपालिका -सदस्य

५. प्रमुख/अधिकृत प्रतिनिधि, वृहत जलाधार व्यवस्थापन केन्द्र (कोशी) -सदस्य

६.प्रमुख/अधिकृत प्रतिनिधि, डिभिजन वन कार्यालय -सदस्य

७.प्रमुख/अधिकृत प्रतिनिधि भू तथा जलाधार व्यवस्थापन कार्यालय - सदस्य

८.प्रमुख/अधिकृत प्रतिनिधि, कृषि ज्ञान केन्द्र -सदस्य

९.वन, वातावरण, विपद् व्यवस्थापन समितिको संयोजक -सदस्य

१०. संयोजकले तोकेको सम्बन्धित क्षेत्रको अनुभवि महिला -सदस्य

११. नगर कार्यपालिकाको महिला प्रतिनिधि दुई जना - सदस्य

१२.नगरपालिकाको योजना शाखा प्रमुख -सदस्य सचिव

नोटः प्राकृतिक स्रोत व्यवस्थापनसंग सम्बन्धित अन्य संगठित संघ संस्थाहरु, सरकारी तथा गैर सरकारी संघ संस्थाहरु लगायत अन्य समुदायमा आधारित समुहलाई समावेशीको सिद्धान्त अनुसार आमन्त्रण गरिनेछ ।

२०. <u>समन्वय संयन्त्रको काम, कर्तब्य र अधिकारः</u>

(१) एकीकृत जलाधार व्यवस्थापन समन्वय सयन्त्रको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) एकीकृत जलाधार व्यवस्थापन सम्बन्धी कार्यको लागि स्थानीय, प्रादेशिक र संघीय सरोकारवाला निकायहरुसंग

समन्वय गरी एकीकृत रुपमा योजना तर्जूमा, बजेट तर्जुमा, कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कन गर्ने;

(ख) एकीकृत जलाधार व्यवस्थापन सम्बन्धित दीर्घकालीन तथा आवधिक योजना तयार पारी सो को आधारमा बार्षिक योजना निर्माण गर्ने;

(ग) नगरपालिका क्षेत्रभित्र कार्यरत सरकारी तथा गैर सरकारी निकायहरुबीच समन्वय गरी एकीकृत जलाधार व्यवस्थापन सम्बन्धि क्रियाकलापहरु परिणाममुखी र प्रभावकारी रुपमा सञ्चालन गर्ने;

(घ) एकीकृत जलाधार व्यवस्थापनका लागि स्थानीय, प्रादेशिक तथा संघीय स्तरका सरकारी, गैर सरकारी एवं विकास साझेदारसंग स्रोतको लागि आवश्यक समन्वय, सहकार्य तथा पहल गर्ने;

(ङ) एकीकृत जलाधार व्यवस्थानका लागि नगरपालिकामा एक प्राविधिक कार्य समुह (Technical Working Group-TWG) गठन गरी त्यसको आवधिक रुपमा बैठक आयोजना गर्ने;

(च) जलवायु उत्थानशील जिविकोपार्जनका लागि जलवायु परिवर्तन अनुकूलन तथा विपद जोखिम न्यूनीकरणका कार्यहरुलाई एकीकृत जलाधार व्यवस्थापनका कार्यहरुमा समावेश गर्ने;

(छ) दफा १४ बमोजिमको कोषको स्थापना, वृद्धि तथा सञ्चालन सम्बन्धमा आवश्यक पहल गर्ने;

(ज) एकीकृत जलाधार व्यवस्थापन कार्यक्रमका लागि आवश्यकता अनुसार नीति, रणनीति, मार्गदर्शन तथा कार्यविधि तयार गर्ने ।



CamScanner

## परिच्छेद-५

## अनुगमन तथा मुल्याङ्कन सम्बन्धी व्यवस्था

२१. अनुगमन संयन्त्रबाट हुने अनुगमन तथा मुल्याङ्कन

(१) यस निर्देशिकामा उल्लिखित व्यवस्थाको पालना भए नभएको, एकीकृत जलाधार व्यवस्थापन योजनाको कार्यान्वयन, सञ्चालित कार्यक्रमहरुको प्रभावकारीता तथा असर मापन सम्बन्धमा समन्वय सयन्त्रले कार्यक्रम कार्यान्वयन गर्ने सरोकारवाला निकायसंगको छलफल, रेकर्डहरुको अध्ययन, स्थलगत अनुगमन अनुगमन गरी प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(२) योजना तथा बार्षिक कार्यक्रमहरुलाई प्रभावकारी बनाउन समन्वय संयन्त्रले कम्तिमा छ महिनामा र आवश्यकता अनुसार अनुगमन गरी प्रतिवेदन तयार गर्नुपर्ने र सो को प्रतिवेदन प्रदेश तथा संघीय सरकारको सम्बन्धित निकायमा पठाउनु पर्नेछ ।

२२. स्वः मुल्याङ्कन गरी प्रतिवेदन पेश गर्नुपर्नेः स्वीकृत योजना बमाजिम कार्यक्रम सञ्चालन गर्ने निकाय तथा सरोकारवालाहरुले नगरपालिकाभित्र सञ्चालित एकीकृत जलाधार व्यवस्थपनसंग सम्बन्धित कार्यक्रमको स्वः मुल्याङ्कन गरी सो को प्रतिवेदन अनुगमन संयन्त्र समक्ष पेश गर्नुपर्नेछ ।

२३. अनुगमनको लागि टोली खटाउन सक्नेः अनुगमन संयन्त्रले नगरपालिकाभित्र सञ्चालित कार्यक्रमहरुको अनुगमनको लागि सम्बन्धित वडा अध्यक्षको संयोजकत्वमा प्राविधिक कर्मचारी सम्मिलित अनुगमन टोली वा प्राविधिक कार्य समुह गठन गरी अनुगमन गर्न सक्नेछ ।



CamScanner

## परिचेच्छेद-६

## विविध

२४. **प्राविधिक सहयोग लिन सक्नेः** एकीकृत जलाधार व्यवस्थापन योजना, विषयगत योजना नगरपालिकाको आन्तरिक जनशक्तिबाट गर्न संभव नभएको अवस्थामा सम्बन्धित विषय विज्ञहरु वा व्यवसायिक परामर्शदाताको सहयोग लिन सकिनेछ ।

२५. **निर्देशन दिन सक्नेः** नगर सभाले जलाधार व्यवस्थापन समन्वय संयन्त्रको काम कारवाही सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ ।

२६. **प्रचलित कानून लागू हुने** :यस कार्यविधिमा भएको व्यवस्था प्रचलित कानूनसँग बाँझिएमा प्रचलित कानूनको व्यवस्था लागू हुनेछ ।

२७. **संसोधनः** नगर कार्यपालिकाले यस निर्देशिकामा उल्लेखित केही विषयहरु थपघट गर्नुपर्ने भएमा आवश्यकता र औचित्यको आधारमा संसोधन गर्न सक्नेछ ।

२८. **खारेजी र बचाउः** यस निर्देशिका लागु हुनु अघि गरेका काम कारवाहीहरु यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची-१

### (दफा ३ को उपदफा (१) संग सम्बन्धित)

### जलाधार व्यवस्थापनमा नगरपालिकाको अधिकार

१. स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरु

२. स्थानीय तथ्याङ्क तथा अभिलेख सङ्कलन तथा व्यवस्थापन

३. वातावरण संरक्षण र जैविक विविधता

४. खानेपानी तथा साना जलविद्युत आयोजना, वैकल्पिक उर्जा

५. विपद् व्यवस्थापन

६. जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण

७. स्थानीय स्तरमा औषधिजन्य वनस्पति, जडीबुटी र अन्य औषधिजन्य वस्तुको उत्पादन, प्रशोधन र वितरण
८. स्थानीय साना सतह तथा भूमिगत सिंचाई प्रणालीको सञ्चालन तथा मर्मत सम्भार, सेवा शुल्क निर्धारण र सङ्कलन सम्बन्धी व्यवस्थापन
९. पानीघट्ट, कुलो, पैनी जस्ता सेवा सञ्चालनबाट प्राप्त रोयल्टी सङ्कलन
१०. वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना कार्यान्वयन, अनुगमन तथा नियमन
११. स्थानीयस्तरमा नदी किनार, नदी उकास, नहर किनार तथा सडक किनारामा वृक्षारोपण व्यवस्थापन
१२. स्थानीय स्तरमा खाली जग्गा, पाखा, वा क्षेत्रमा वृक्षारोपण, सम्भार, उपयोग तथा व्यवस्थापन
१३. स्थानीय स्तरको जोखिम न्यूनीकरण
१४. स्थानीय स्तरमा हरियाली प्रवर्द्धन
१५. स्थानीय स्तरमा वातावरणीय जोखिम न्यूनीकरण
१६. गरिवी निवारण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, नियमन र अध्ययन अनुसन्धान
१७. गरिब घरपरिवार पहिचान सम्बन्धी स्थानीय सर्वेक्षण, सूचना व्यवस्थापन र नियमन
१८. संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय स्तरको भू-उपयोग नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन
१९. संघीय तथा प्रदेशको मापदण्डको अधिनमा रही व्यवस्थित बस्ती विकासका लागि कार्यक्रमको तर्जुमा र कार्यान्वयन, एकीकृत वस्ती विकासका लागि जग्गाको एकीकरण तथा जग्गा विकास र व्यवस्थापन
२०. स्थानीय स्तरमा अव्यवस्थित बसोबास व्यवस्थापन

# अनुसूची-२

(दफा ४ को उपदफा (१) संग सम्बन्धित)

## नगरपालिकाबाट प्राविधिक ज्ञान, सेवा र आर्थिक सहयोग लिन चाहानेले दिने निवेदनको ढाँचा

श्री नगर प्रमुखज्यू

सिद्धिचरण नगरपालिका

यस नगरपालिकाको मेरो/हाम्रो स्वामित्वमा रहेको निम्न लिखित जग्गामा निम्न लिखित कामहरु गर्न निम्न बमोजिमको प्राविधिक ज्ञान तथा आर्थिक सहयोग आवश्यक भएको सो उपलब्ध गराई दिनु हुन निबेदन पेश गरेको छु/छौं ।

(१) जग्गाको विवरण

(क) क्षेत्रफल

(ख) सिमाना

(ग) चार किल्ला

(२) कामको विवरण

(क) ..............

(ख) ..............

(ग) ...............

(३) आवश्यक प्राविधिक ज्ञान र सेवाको विवरण

(क) ................

(ख) ..................

(ग) ..................

(४) लाग्ने खर्चकी विवरण

(क) जम्मा लाग्ने रकम

(ख) आफुले व्यहोर्ने रकम

(ग) आर्थिक सहयोग माग गरेको रकम

निबेदकको दस्तखत

पुरा नामः

मितिः

## अनुसूची-३
### (दफा ५ को उपदफा (२) संग सम्बन्धित)
### नगरपालिमा योजना कार्यान्वयनको अनुमतिको लागि दिईने निवेदनको ढाँचा

श्री नगर प्रमुखज्यू
सिद्धिचरण नगरपालिका

यस सिद्धिचरण नगरपालिकामा निम्नानुसारको आयोजना कार्यान्वयनको अनुमति उपलब्ध गराउने व्यवस्थाको यो निवेदन पेश गरेको छु/छौ ।

क. आयोजनाको विवरण

१. आयोजनाको नाम
२. आयोजना सञ्चालनसंग सम्बन्धित पक्षहरु (उपभोक्ता समिति, गैर सरकारी संस्था, दातृ निकाय)
३. ठेगाना
४. उद्देश्य
५. आयोजना स्वीकृत गर्ने निकाय
६. आयोजना सुरु हुने मिति
७. आयोजना सम्पन्न हुने मिति
८. आयोजना अन्तर्गत सञ्चालन हुने मुख्य कार्यक्रमहरुको विवरण

ख. आयोजनाको लागत सम्बन्धि विवरण

१. अनुमानित लागत रकम रु.
२. लागत व्यहोर्ने श्रोतहरु रु.
३. जनश्रमदानको अंश रु.

ग. निर्माण सामाग्रीको विवरण:

| सि. नं. | निर्माण सामग्री व्यहोर्ने निकाय | सामग्रीको नाम | परिमाण | जम्मा रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | गैर सरकारी संघ संस्थाबाट | | | | |
| २ | समुदायमा आधारित संस्थाबाट | | | | |
| ३ | विदेशी दातृ निकायबाट | | | | |

| सि. नं. | निर्माण सामग्री व्यहोर्ने निकाय | सामग्रीको नाम | परिमाण | जम्मा रु. | कैफियत |
|---|---|---|---|---|---|
| ४ | उपभोक्ता समितिबाट | | | | |
| ५ | अन्य | | | | |

घ. आयोजनाबाट लाभान्वित हुने

१. घर परिवार संख्या

२. जनसंख्या ........., महिला......... पुरुष.......... लक्षित वर्ग..........

ङ. उपभोक्ता समिति र गैर सरकारी संस्थाको विवरणः

१. गठन भएको मितिः

२. पदाधिकारीको नाम र ठेगाना

च. संलग्न कागजातहरुः

१. उपभोक्ता समिति, गैर सरकारी संस्था वा सम्बद्ध निकायबीच भएका सम्झौताका शर्तहरु

२. स्वीकृत आयोजना प्रतिवेदन

निवेदक

नामः

पदः

ठेगानाः

संस्थाको छाप

## अनुसूची-४

### (दफा ८ को उपदफा (१) संग सम्बन्धित)

### एकीकृत जलाधार व्यवस्थापन योजनाको खाका

१. एकीकृत जलाधार व्यवस्थापन योजना औचित्य

२. जलाधार व्यवस्थापन योजनाको आवश्यकता उद्देश्य, क्षेत्र

३. एकीकृत जलाधार व्यवस्थापनका सिद्धान्तहरु

४. जलाधार व्यवस्थापन योजना तर्जूमा विधि

५. जलाधार क्षेत्रको वस्तुगत अवस्थाको विश्लेषणः

- भौगोलिक अवस्था

- माटो, चट्टान तथा भौगर्भिक अवस्था
- जलवायु तथा जलवायु परिवर्तनको विश्लेषण
- भू-उपयोग तथा भू-उपयोग परिवर्तन, जलाधारको उत्पादन तथा उत्पादकत्व
- जलस्रोतको अवस्था,
- मुख्य पारिस्थितिकीय प्रणाली तथा सेवाहरु,
- सामाजिक-आर्थिक अवस्था,
- जलाधार क्षेत्रमा उपलब्ध भौतिक संरचनाहरु

६. लैङ्गिक तथा सामाजिक समावेशीकरण

- जलाधारमा बसोबास गर्ने घरधुरीहरुको लैङ्गिक आय
- लैङ्गिक अवस्था अनुसार रोजगार तथा श्रमको अवस्था
- खानेपानीको उपलब्धता तथा महिलाहरुको पहुँच
- उपलब्ध वित्तिय स्रोत एवं संसाधनहरुमा लैङ्गिक तथा सामाजिक समावेशीकरण

७. जलाधार क्षेत्रका समस्याको पहिचान तथा विश्लेषण

८. लक्षित रणनीति तथा कार्यक्रमहरु

- जलस्रोतको दिगो संरक्षण, व्यवस्थापन तथा सदुपयोग
- दिगो भू-उपयोग व्यवस्थापन
- जिविकोपार्जनका माध्यमहरुको विविधिकरण, आम्दानी तथा रोजगार प्रवर्द्धन
- जलवायु परिवर्तन न्यूनीकरण, अनुकुलन तथा उत्थानशीलता विकास
- विपद व्यवस्थापन तथा दिगो पुर्वाधार विकास
- एकीकृत सामाजिक विकास
- लैङ्गिक समानता र सामाजिक समावेशीकरण अधिवृद्धि
- अन्तरसम्बन्धित कार्यमूलक अनुसन्धान तथा प्रसार

सन्दर्भ सामग्रीहरु

अनुसूचीहरु



CamScanner

## अनुसूची-५

### (दफा ८ को उपदफा (३) संग सम्बन्धित)

### जलाधार क्षेत्रको प्रथामिकीकरणका आधारहरु

| क्र. सं | आधारहरु | कूल अङ्क | प्राप्त गर्ने अङ्क | | | |
|---|---|---|---|---|---|---|
| १ | गरिबीको सूचाङ्क (कूल जनसंख्यामा गरिबको अनुपात) | १० | ८०% भन्दा बढी (१०) | ८०%-५०% (७.५) | ५०%-२०% (५) | २०% भन्दा कम (२.५) |
| २ | लक्षित वर्ग (कुल जनसंख्यामा लक्षित वर्गको अनुपात) | १० | ४० प्रतिशत भन्दा बढी (१०) | २०-४० (५) | २० प्रतिशत भन्दा कम (३) | - |
| ३ | १० रोपनी भन्दा कम जग्गा भएका घरधुरीहरु | १० | >८०% (१०) | ५०-८०% (५) | <५०% (३) | - |
| ४ | वन क्षेत्रको अवस्था तथा उपयोग | ५ | अत्याधिक दोहन (५) | बढी प्रयोग भएको (३) | समुचित प्रयोग (२) | |
| ५ | बहु प्रकोप (पहिरो, बाढी र सुख्खा) को जोखिम | १५ | अत्याधिक समस्याग्रस्त (१५) | समस्याग्रस्त (१०) | न्यून प्रभाव (५) | |
| ६ | बर्षातको पानीमा निर्भर हुने क्षेत्र | १५ | ९० प्रतिशत भन्दा बढी (१५) | ८०-९०% (१०) | ७०-८०% (५) | ७०% भन्दा कम(०) |
| ७ | पानीको | १० | स्रोत नभएको | सिमित स्रोत | आंशिक | - |



CamScanner

| क्र. सं | आधारहरु | कूल अङ्क | प्राप्त गर्ने अङ्क | | | |
|---|---|---|---|---|---|---|
| | उपलब्धता | | (१०) | भएता पनि समस्या भएको (५) | रुपमा उपलब्ध भएको (५) | |
| ८ | क्षतिग्रस्त भूमि | १५ | >२०% (१५) | १०-२०% (१०) | <१०% (५) | - |
| ९ | जमिनको उत्पादन क्षमता | १५ | कम उत्पादकत्व भएको र जलाधार व्यवस्थापन मार्फत उल्लेख्य रुपमा उत्पादकत्व वृद्धि गर्न सकिने (१५) | औषत उत्पादकत्व भएको र जलाधार व्यवस्थापन मार्फत उत्पादकत्व वृद्धि गर्न सकिने क्षेत्र (१०) | उत्पादकत्व बढी भएको र जलाधार व्यवस्थापन मार्फत केही मात्रामा उत्पादकत्व वृद्धि गर्न सकिने क्षेत्र (५) | |
| १० | जलाधार व्यवस्थानका कार्यक्रम सञ्चालन गरिएका जलाधार क्षेत्रसंगको सामिप्यता | १० | जलाधार व्यवस्थापनका कार्यक्रम सञ्चालन भएका जलाधार क्षेत्रसंग जोडिएको (१०) | जलाधार व्यवस्थापनका कार्यक्रम सञ्चालन भएका जलाधार क्षेत्रसंग नजोडिएको (५) | - | - |
| ११ | लघु जलाधार क्षेत्र | १५ | ५ भन्दा बढी लघु जलाधार क्षेत्र (१५) | ३-५ वटा लघु जलाधार क्षेत्र (१०) | २-३ वटा लघु जलाधार क्षेत्र (५) | |

# अनुसूची-६

## (दफा ११ को उपदफा (१) संग सम्बन्धित)

### नगरपालिकामा उपलब्ध वातावरणीय सेवाहरुको सूची

**क. जलाधार क्षेत्रले उपलब्ध गराएका वातावरणीय सेवाहरु**

१. विद्यमान जैविक विविधताको संरक्षण

२. जलाधार संरक्षण तथा पानीको गुणस्तर तथा स्रोतमा सुधार

३. क्षतिग्रस्त भुमिको पुनरुत्थान तथा प्राकृतिक सौन्दर्यको सुधार

४. पर्यापर्यटनमा योगदान

५. जलवायु परिवर्तन न्यूनीकरण तथा उत्थानशीलता विकास

६. विद्युत उत्पादनमा योगदान

७. मत्स्यपालन तथा जिविकोपार्जनमुखी सेवाहरु

८. कार्वन सञ्चिति

**ख. वातावरणीय सेवाहरुको संरक्षण, प्रवर्द्धन तथा व्यवस्थापनसंग सम्बन्धित सरोकारवालाहरु**

१. नगरपालिका

२. डिभिजन वन कार्यालय

३. भू-संरक्षण कार्यालय

४. जलविद्युत आयोजनाहरु

५. पर्यापर्टन क्षेत्रसंग सम्बन्धित निकायहरु

६. जिविकोपार्जनमा कार्यक्रम सञ्चालन गर्ने संस्था तथा निकायहरु

७. कार्वन व्यापारमा संलग्न संघ संस्था तथा निकायहरु

## अनुसूची-७
### (दफा १३ को उपदफा (५) संग सम्बन्धित)
### लैङ्गिक तथा सामाजिक समावेशीकरणका सूचकहरु

| क्र.सं. | सूचक | अङ्क | प्राप्ताङ्क | पुष्ट्याईका आधारहरु |
|---|---|---|---|---|
| १ | एकीकृत जलाधार व्यवस्थापन योजना तर्जुमा गर्दा लैङ्गिक तथा सामाजिक समावेशीकरणको दृष्टिले सहभागीता भएको छ वा छैन | | | |
| २ | योजनाहरु तर्जूमा गर्दा महिला तथा वञ्चितिकरणमा परेका समुदायको सुझाव लिईएको छ वा छैन | | | |
| ३ | योजना तथा कार्यक्रममा भएका लैङ्गिक तथा समावेशीकरण सम्बन्धी व्यवस्थाहरुको बारेमा लक्षित वर्ग तथा कर्मचारीहरुलाई अभिमुखीकरण भएको वा नभएको | | | |
| ४ | क्षमता विकास कार्यक्रमहरुमा सहभागी छनौट गर्दा लैङ्गिक तथा सामाजिक बञ्चितिकरणमा परेका व्यक्ति र समुहलाई विशेष प्रथिमकता दिने गरिएको | | | |



CamScanner

| क.सं. | सूचक | अङ्क | प्रासाङ्क | पुष्ट्याईका आधारहरु |
|---|---|---|---|---|
| | छ वा छैन | | | |
| ५ | जलाधार व्यवस्थापन योजनाहरुमा लक्षित वर्गको आर्थिक तथा सामाजिक हैसियतमा परिवर्तन ल्याउने व्यवस्था उल्लेख भएको छ वा छैन | | | |
| ६ | जलाधार व्यवस्थापन योजनामा लक्षित वर्गको छुट्टै आवश्यकता पहिचान गरी विशेष कार्यक्रमहरु प्रस्ताव गरिएको छ वा छैन | | | |
| ७ | जलाधार व्यवस्थापन योजना कार्यान्वयनको सन्दर्भमा हुने भेला, सार्वजनिक परीक्षणमा महिला सदस्यको सहभागीता हुने गरेको छ वा छैन | | | |
| ८ | उपभोक्ता समिति, अनुगमन समिति लगायतका समितिहरुमा महिलाको न्यूनतम ३३ प्रतिशत सहभागीता छ वा छैन | | | |
| ९ | समन्वय संयन्त्र तथा अनुगमन समितिले अनुगमनका सूचकहरु | | | |

| क्र.सं. | सूचक | अङ्क | प्राप्ताङ्क | पुष्ट्याईका आधारहरु |
|---|---|---|---|---|
| | बनाउँदा लैसास सम्बन्धी सूचकहरु समावेश गरी सूचकहरु बनाएको छ वा छेन | | | |
| १० | लैङ्गिक तथा सामाजिक रुपमा बञ्चितिकरणमा परेका व्यक्ति तथा समुहको उत्थानको लागि तर्जूमा भएका कार्यक्रम तथा बजेटको कार्यान्वयन पूर्ण रुपमा भएको छ वा छैन | | | |
| ११ | सञ्चित कोषको रकम लैङ्गिक तथा सामाजिक समावेशीकरणको क्षेत्रमा खर्च भएको छ वा छैन | | | |
| १२ | महिला तथा वञ्चितिकरणमा परेका समुदायको आवश्यकता पुरा गर्नको लागि क्षमता विकासका कार्यक्रमहरु सञ्चालन भएको छ वा छैन | | | |

## अनुसूची-८

(दफा १५ को उपदफा (१) संग सम्बन्धित)

**सार्वजनिक सुनुवाईमा सार्वजनिक गरिने विषयहरु**

भेलाको उपस्थितिको लागि सूचना जारी गरेको मितिः

सूचनाको माध्यमः

सूचना प्रवाह गरिएका स्थानः

सार्वजनिक परिक्षण गरिएको मितिः

**सार्वजनिक परीक्षणमा उपस्थित सहभागीहरुको विवरण**

| क्र.सं. | नाम तथा ठेगाना | पद | दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

**छलफलका विषयहरुः**

१. आयोजनाको हालसम्मको भौतिक प्रगती (सेवा तथा सामग्री)

२. गरिद गरिएका सामग्री, भुक्तानी विवरण

३. कार्यान्वयनको समयमा भएका समस्या

४. डिजाईन आदिमा परिवर्तन भए सो को विवरण

५. सामग्री/सेवा खरिद गर्दा अपनाईएको विधि प्रकृया

६. आयोजना सञ्चालन अवधिमा भए गरेका निरीक्षण तथा अनुगमन

**छलफलबाट गरिएका निर्णयहरु**

१.

२.

३.

उपभोक्ता समितिको अध्यक्षको सही

उपभोक्ता समितिको सचिवको सही

नगरपालिका प्रतिनिधिको नाम, पद र सही

वडा प्रतिनिधिको नाम, पद र सही

आज्ञाले

निलकण्ठ विश्वकर्मा

प्रमुख प्रशासकीय अधिकृत



CamScanner